नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**

सानोठिमी भक्तपुर

## माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०७९ को पुनर्योग सम्बन्धी सूचना

२०७९ सालको साधारण तथा प्राविधिक धारतर्फ नियमित तथा ग्रेडबृद्धि समूहबाट परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुले आफुले प्राप्त गरेको ग्रेडमा चित्त नबुझी पुनर्योग गराउन चाहेमा निम्न प्रक्रिया पुरा गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा वा सोझै यस कार्यालयमा २०८० साल श्रावण ०५ गते सम्ममा तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरुले यसै सूचनालाई आधार मानी आवश्यक व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ।

१. निवेदन दस्तुर प्रति विषय रु. ५००।– (पाँच सय) का दरले हुने रकम राजश्व खाता नं. १४२२३ मा जम्मा गर्नुपर्नेछ ।

२. निवेदनको ढाँचा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.see.gov.np वा राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नुपर्नेछः

   क) माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०७९ को ग्रेडसिट वा ग्रेड लेजरको प्रतिलिपी (ग्रेडसिट www.see.gov.np वा www.neb.gov.np वा https://see.ntc.net.np बाट download गर्न सकिने)

   ख) प्रवेशपत्रको प्रतिलिपि

४. शिक्षा विकास तथा समन्वय इकाइहरुले पुनर्योगको लागि आवेदन फाराम भर्ने परीक्षार्थीहरुको निवेदन सहितका कागजातहरु फाराम भर्ने म्याद समाप्त भएपछि तुरुन्त पठाउनुहुन अनुरोध छ।

**नियन्त्रक**